# सर्वोच्च अदालत बार एशोसिएशनको [illegible] औं वार्षिक साधारण सभामा
# कार्यसमितिका तर्फबाट प्रस्तुत
# <u>कोषाध्यक्षको आर्थिक प्रतिवेदन</u>

सभाका अध्यक्षज्यू,
सर्वोच्च अदालत बार एशोसिएशनका पूर्व अध्यक्षज्यूहरु, पूर्व पदाधिकारीज्यूहरु,
पार्षद्ज्यूहरु, वरिष्ठ अधिवक्ता तथा अधिवक्ताज्यूहरु ।

यस गरिमामय वार्षिक साधारणसभामा उपस्थित हुनुभएका यस सर्वोच्च अदालत बार एशोसिएशनका पूर्व अध्यक्षज्यूहरू, वरिष्ठ अधिवक्ताज्यूहरु, पूर्व पदाधिकारीज्यूहरु, पार्षदज्यूहरू तथा सम्पूर्ण अधिवक्ता सदस्यज्यूहरूमा सर्वोच्च अदालत बार एशोसिएशन कार्यसमितिका तर्फबाट हार्दिक स्वागत तथा अभिवादन गर्दछु ।

गत वार्षिक साधारणसभाबाट नियुक्त लेखा परीक्षक राजकुमार चालिसेबाट लेखा परीक्षण गराई निजको प्रतिवेदनसहितको आ.व.२०७८/०७९ को आय-व्यय विवरण यहाँहरूको हातमा परिसकेको छ, जसबाट सर्वोच्च अदालत बार एशोसिएशनको आय-ब्ययको यथार्थ चित्रण हुने नै छ भन्ने विश्वास लिएको छु ।

कार्यसमितिबाट २०७८ साल साउन १ गतेदेखि २०७९ साल असार मसान्तसम्म भए गरिएका आम्दानी-खर्च कोषाध्यक्षको हैसियतले यस गरिमामय सभासमक्ष प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु ।

यस कार्यसमितिबाट आफ्नो कार्यकालको दोस्रो वर्ष अर्थात् आ.व. २०७८/०७९ को अवधिमा भए-गरिएका आम्दानी-खर्चको संक्षिप्त विवरण यस गरिमामय साधारणसभासमक्ष प्रस्तुत गर्न अनुमति चाहन्छु ।

आ.व. २०७८/०७९ को अवधिमा २०७८/०७९ को २९९ जना र आ.व.२०७९/०८० को २०७९ साल पुस मसान्तसम्म ६२२ जना सदस्यज्यूहरुको सदस्यता नवीकरण भएकोमा यस आ.व. अर्थात असार मसान्तसम्म ५२४ जना र सदस्यज्यूहरुको नवीकरण भएको छ । बाँकी ९८ जना सदस्यज्यूहरुको असार मसान्तपछि नवीकरण भएको हुँदा आगामी वर्षमा आम्दानी देखिने छ ।

आ.व.२०७८/०७९ को अवधिमा २०७८ साल साउन १ गतेदेखि २०७९ साल असार मसान्तसम्मको आम्दानी रकम रु.५१,०५,३०४।- (एकाउन्न लाख पाँच हजार तीन सय चार

रुपैंया) आम्दानी भएको छ र सोही अबधिमा रु.४८,६९,०३९।०१ (अड्चालीस लाख उनन्सत्तरी हजार उनान्चालीस रुपैंया एक पैसा) खर्च भएको छ ।

(क) **आम्दानी शीर्षक सम्बन्धमा :-**

**१. विगत वर्षको शुल्क :-**

यस आ.व.मा ११ जना सदस्यज्यूहरुबाट विगत वर्षको शुल्क बापत रु.१,६७,६४०।- (एक लाख सतसठ्ठी हजार छ सय चालीस रुपैंया) आम्दानी भएको छ ।

**२. सदस्यता शुल्क :-**

यस आ.व.मा सदस्यता शुल्क बापत रु.५,९८,८००।- (पाँच लाख अन्ठानब्बे हजार आठ सय) आम्दानी भएको छ ।

**३. पुस्तकालय शुल्क :-**

यस आ.व.मा पुस्तकालय शुल्क बापत रु.४१,१५०।- (एक चालीस हजार एक सय पचास रुपैंया) आम्दानी भएको छ ।

**४. कानून व्यवसायी कल्याणकारी कोष :-**

यस आ.व.मा कानून व्यवसायी कल्याणकारी कोष शिर्षक बापत रु.५,९४,९००।- (पाँच लाख चौरानब्बे हजार नौ सय) आम्दानी भएको छ ।

**५. भवन निर्माण कोष :-**

यस आ.व.मा भवन निर्माण कोष शिर्षक बापत रु.८२,३००।-(बयासी हजार तीन सय) आम्दानी भएको छ ।

**६. परिचय पत्र :-**

यस आ.व.मा परिचयपत्र शुल्क बापत रु.९०,७००।- (नब्बे हजार सात सय) आम्दानी भएको छ ।

**७. इन्टरनेट तथा टेलिफोन शुल्क :-**

यस आ.व.मा इन्टरनेट तथा टेलिफोन शुल्क बापत रु.१,२३,४५०।- (एक लाख तेइस हजार चार सय पचास रुपैंया) आम्दानी भएको छ ।

**८. सिफारिस दस्तुर :-**

यस आ.व.मा सिफारिस दस्तुरबाट रु.८,७००।- (आठ हजार सात सय) आम्दानी भएको छ ।

**९. दैवि प्रकोप कोष :-**

यस आ.व.मा दैवी प्रकोप कोष शिर्षकबाट रु.८२,३००।- (बयासी हजार तीन सय) आम्दानी भएको छ ।

सर्वोच्च अदालत बार एशोसिएशन काठमाण्डौ Supreme ... Association

१०. **विशेष सहयोग शुल्क :-**

यस आ.व.मा विशेष सहयोग शुल्क बापत रु.१३,१२,४००।- (तेह्र लाख बाह्र हजार चार सय) आम्दानी भएको छ ।

११. **भैपरी कोष शुल्क :-**

यस आ.व.मा भैपरी कोष शुल्क शिर्षकबाट रु.८२,३००।- (बयासी हजार तीन सय) आम्दानी भएको छ ।

१२. **प्रवेश शुल्क :-**

यस आ.व.मा कार्यसमितिको निर्णयबाट २६ जना कानून व्यवसायीहरुले नयाँ सदस्यता प्राप्त गर्नु भएको थियो । सोमध्ये यस आ.व.मा १० जनाबाट प्रवेश शुल्क बापत रु.३,००,०००।- (तीन लाख) आम्दानी भएको छ ।

१३. **मर्मत तथा संभार शुल्क :-**

यस आ.व.मा मर्मत संभार शुल्क शिर्षक अन्तर्गत रु.१,२३,४५०।- (एक लाख तेइस हजार चार सय पचास रुपैंया) आम्दानी भएको छ ।

१४. **प्रकाशन वापतको आम्दानी :-**

**१४.१ डायरी तथा क्यालेण्डर :**

यस आ.व.मा २०७९ सालको डायरी तथा क्यालेण्डर बिक्री बितरणबाट रु.५,९९,३३०।- (पाँच लाख उनान्सय हजार तीन सय तीस रुपैंया) आम्दानी भएको छ ।

**१४.२ अनुभव अनुभूति :**

यस आ.व.मा अनुभव अनुभूति पुस्तकबाट रु.३,०००।- (तीन हजार) आम्दानी भएको छ ।

**१४.३ सर्वोच्च बार जर्नल :**

यस आ.व.मा सर्वोच्च बार जर्नल विक्री बितरणबाट रु.२,२७,०५०।- (दुई लाख सत्ताइस हजार पचास रुपैंया) आम्दानी भएको छ ।

**१४.४ फैसला अध्ययन प्रतिवेदन :**

यस आ.व.मा फैसला अध्ययन प्रतिवेदन विक्रीबाट रु.३,००० ।- (तीन हजार) आम्दानी भएको छ ।

**१४.५ प्रकाशन आम्दानी**

यस आ.व.मा प्रकाशन आम्दानी बापत रु.१,६४,६००।- (एक लाख चौसठ्ठी हजार छ सय) आम्दानी भएको छ ।

सर्वोच्च अदालत बार एशोसिएशन काठमाण्डौं Supreme Court Bar Association

**१५. साधारणसभा शुल्क :-**

यस आ.व.मा साधारणसभा शुल्क बापत रु.४,११,५००।- (चार लाख एघार हजार पाँच सय) आम्दानी भएको छ ।

**१६. सवारी साधन स्टीकर :-**

यस आ.व.मा १९ थान सवारी साधन स्टीकर बिक्रीबाट रु.१९,०००।- (उन्नाइस हजार) आम्दानी भएको छ ।

**१७. बिलम्ब शुल्क :-**

यस आ.व.मा बिलम्ब शुल्क बापत रु.६,८००।- (छ हजार आठ सय ) आम्दानी भएको छ ।

**१८. सहयोग :-**

यस बारका सचिव अधिवक्ता ऋषिराम घिमिरेले आ.व.२०७८/०७९ मा सर्वोच्च अदालतको सम्पादन तथा प्रकाशन समितिको बैठकमा सहभागी भई प्राप्त गर्नुभएको बैठक भत्ता रु.१९,१२५।- (उन्नाइस हजार एक सय पच्चीस रुपैंया) कानून व्यवसायी कल्याणकारी कोष खातामा जम्मा गरिदिनु भएको छ । उहाँप्रति सर्वोच्च बार एशोसिएशन हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

**१९.बनभोज :-**

२०७८ सालमा सम्पन्न बनभोज कार्यक्रमबाट रु.४३,८०९।- (त्रिचालीस हजास आठ सय नौं रुपैंया) आम्दानी भएको छ ।

**२०. व्याज :-**

**२०.१ दैवी प्रकोप कोष व्याज आम्दानी**

यस आ.व.मा दैवी प्रकोप कोषमा व्याज आम्दानी वापत रु.४,५९९।०५ (चार हजार पाँच सय उनान्सय रुपैंया पाँच पैसा) आम्दानी भएको छ ।

**२०.२ कानून व्यवसायी कल्याणकारी कोष व्याज आम्दानी**

यस आ.व.मा कानून व्यवसायी कल्याणकारी कोषमा व्याज आम्दानी बापत रु.२९,०८४।९३ (उनन्तिस हजार चौंरासी रुपैंया त्रियानब्बे पैसा) आम्दानी भएको छ ।

**२०.३ भवन निर्माण कोष व्याज आम्दानी**

यस आ.व.मा भवन निर्माण कोषमा व्याज आम्दानी बापत रु. १,०२,०८२।५६ (एक लाख दुई हजार बयासी रुपैंया छपन्न पैसा) आम्दानी भएको छ ।

सर्वोच्च अदालत बार एशोसिएशन काठमाण्डौ Supreme Court Bar Association

**२०.४ कर्मचारी उपदान कोष व्याज आम्दानी**

यस आ.व.मा कर्मचारी उपदान कोषमा व्याज आम्दानी बापत रु.९०,०९०।८० (नब्बे हजार नब्बे रुपैंया असी पैसा) आम्दानी भएको छ ।

**२०.५ बैक अफ काठमाण्डू कार्यालय सञ्चालन खाता व्याज आम्दानी**

यस आ.व.मा बैक अफ काठमाण्डू कार्यालय सञ्चालन खातामा व्याज आम्दानी वापत रु.६२,८१९।२८ (बैसठ्ठी हजार आठ सय उन्नाइस रुपैंया अठ्ठाइस पैसा) आम्दानी भएको छ ।

**२०.६ सर्वोच्च अदालत बार एशोसिएशन पुरस्कार व्याज आम्दानी**

यस आ.व.मा सर्वोच्च अदालत बार एशोसिएशन पुरस्कार व्याज आम्दानी वापत रु.३१,३५९।५३ (एकतीस हजार तीन सय उनान्साठी रुपैंया त्रिपन्न पैसा) आम्दानी भएको छ ।

**२०.७ सर्वोच्च अदालत बार एशोसिएशन विश्वनाथ उपाध्याय स्मृति पुरस्कार**

यस आ.व.मा सर्वोच्च अदालत बार एशोसिएशन विश्वनाथ उपाध्याय स्मृति पुरस्कार व्याज आम्दानी वापत रु.९४,०००।०२- (चौरानब्बे हजार दुई पैसा) आम्दानी भएको छ ।

**२०.८ सर्वोच्च अदालत बार एशोसिएशन विनोद रोका न्याय प्रतिक सम्मान पुरस्कार**

यस आ.व.मा सर्वोच्च अदालत बार एशोसिएशन विनोद रोका न्याय प्रतिक सम्मान पुरस्कार व्याज आम्दानी वापत रु.५४,७६१।०२- (चौवन्न हजार सात सय एकसठ्ठी रुपैंया दुई पैसा) आम्दानी भएको छ ।

**२०.९ सर्वोच्च अदालत बार एशोसिएशन कुञ्ज विहारी प्रसाद सिंह सम्मान पुरस्कार**

यस वर्ष प्रदान गरिने पुरस्कार रकमका लागि दाता र यस सर्वोच्च अदालत बार एशोसिएशनबीच मिति २०७९ जेठ १७ गते सम्झौता भएको थियो । सो सम्भौताबमोजिमको पुरस्कार रकम रु.५१,०००।- सोही मितिमा दाताबाट यस बारको खातामा जम्मा भएको थियो ।

(ख) <u>खर्च शीर्षक सम्बन्धमा :-</u>

**१. कर्मचारीको तलव भत्ता :**

आ.व.२०७८/०७९ को अवधिमा कर्मचारीको तलव भत्ता तथा पारिश्रमिक बापत रु.१६,३९,०६६।- (सोह्र लाख उनान्चालीस हजार छैसठ्ठी रुपैंया) खर्च भएको छ ।

सर्वोच्च अदालत बार एशोसिएशन काठमाण्डौं

**२. पोशाक भत्ता :**

यस आ.व.मा कर्मचारीहरुको पोशाक भत्ता बापत रु.२०,०००।- (बीस हजार) खर्च भएको छ ।

**३. मसलन्द तथा फोटोकपी :**

यस आ.व.मा मसलन्द तथा फोटोकपी खर्च बापत रु.२८,७४०।- (अठ्ठाइस हजार सात सय चालीस रुपैंया) खर्च भएको छ ।

**४. टेलिफोन महसूल :**

यस आ.व.मा टेलिफोन महसूल बापत रु.२३,६९८। (तेइस हजार छ सय अन्ठानब्बे रुपैंया) खर्च भएको छ ।

**५. पत्रपत्रिका :**

यस आ.व.मा पत्रपत्रिका खर्च बापत रु.१९,४७०।- (उन्नाइस हजार चार सय सत्तरी रुपैंया) खर्च भएको छ ।

**६. खाने पानी :**

यस आ.व.मा खाने पानी खर्च बापत रु.१९,०४०।- (उन्नाइस हजार चालीस रुपैंया) खर्च भएको छ ।

**७. इन्टरनेट :**

यस आ.व.मा इन्टरनेट महसूल बापत रु.२,६९,६७७- (दुई लाख उनान्सत्तरी हजार छ सय सतहत्तर रुपैंया) खर्च भएको छ ।

८. बधाई तथा शुभकामना एवम् लेक्चर सिरिज :

यस आ.व.मा बधाई तथा शुभकामना एवम् लेक्चर सिरिज बापत रु.१,६९,७९५।- (एक लाख उनान्सत्तरी हजार सात सय पन्चानब्बे रुपैंया) खर्च भएको छ ।

**९. समिति बैठक तथा चियापान खर्च :**

यस आ.व.मा कार्यसमिति तथा विषयगत समितिको बैठकमा चिया र विष्किट खर्च बापत रु १७,६५०।- (सत्र हजार छ सय पचास रुपैंया) खर्च भएको छ ।

**१०.कर :**

यस आ.व.मा व्याज आम्दानीमा कर खर्च बापत रु.२८,१३७०१- (अठ्ठाइस हजार एक सय सैतीस रुपैंया एक पैसा) खर्च भएको छ ।

**११. विविध :**

यस आ.व.मा विविध खर्च बापत रु.७,०००।- (सात हजार) खर्च भएको छ ।

सर्वोच्च अदालत बार एशोसिएसन काठमाण्डौ

**१२. शौचालय निर्माण तथा मर्मत सम्भार :**

यस आ.व.मा शौचालय निर्माण तथा मर्मत सम्भार खर्च अन्तर्गत रु.८,३४,०००।- (आठ लाख चौतिस हजार ) खर्च भएको छ ।

**१३. वार्षिक साधारणसभा :**

२०७८ साल फागुन २७ गते सिल्भर ओक बैंक्वेट, गैरीधारा काठमाडौमा सम्पन्न सर्वोच्च अदालत बार एशोसिएशनको सत्चालिसौं वार्षिक साधारणसभामा भएको जम्मा रु.७,०७,५७१।- (सात लाख सात हजार पाँच सय एकहत्तर रुपैंया) खर्च भएको छ ।

**१४. छपाई :**

यस आ.व.मा २०७८ सालको डायरी (१११५ प्रति) तथा क्यालेण्डर (७०० प्रति) छपाई बापत रु.४,४०,५०२।-, २०७९ सालको डायरी (१२०० थान) तथा क्यालेण्डर (६०० थान) छपाई बापत रु.४,५९,००६।-, रसिद छपाई बापत रु. ७,३४५।- सदस्यता परिचयपत्र बापत रु.४४,१०४।-, गरी जम्मा रु.९,५०,९५७।- (नौं लाख पचास हजार नौं सय सन्ताउन्न रुपैंया) खर्च भएको छ ।

**१५. सदस्यता शुल्क :**

यस आ.व.मा आ.व. २०७८/०७९ को सदस्यता शुल्क वापत रु.१,१०,२५०।- (एक लाख दश हजार दुई सय पचास रुपैंया) नेपाल बार एशोसिएशनलाई भुक्तानी गरिएको छ ।

**१६. यातायात खर्च**

यस आ.व.मा कोभिड खोप लगाउने स्वास्थ्यकर्मीको यातायातमा रु.३,१४०।- (तीन हजार एक सय चालीस रुपैंया) खर्च भएको छ ।

**१७. लेखापरीक्षण खर्च :**

आ.व.२०७८/०७९ को लेखापरीक्षण खर्च रु.१५,०००।- (पन्ध्र हजार) भएको छ ।

**१८ समवेदना खर्च :**

यस आ.व.मा समवेदना बापत रु.५,८४८।- (पाँच हजार आठ सय अड्चालिस रुपैंया) खर्च भएको छ ।

सर्वोच्च अदालत बार एशोसिएशन काठमाडौं Supreme Court Bar Association

## १९. जिन्सी खाता :

यस बारमा रहेका स्थिर सम्पतीलाई आम्दानी बाँधी, जिन्सी खातामा अभिलेख गरी यस वर्षदेखि वार्षिक प्रतिवेदनमा समावेश गएको छ ।

| क्र.स | विवरण | थान |
|---|---|---|
| १. | स्टील बुककेश | ६ (छ) |
| २. | स्टील दराज | ३ (तीन) |
| ३. | काठको बुककेश | २ (दुई) |
| ४. | कार्यसमिति बैठक टेबल | २ (दुई) |
| ५. | कोट ह्याङ्गर | २ (दुई) |
| ६. | ल्यापटप (DELL) | १ (एक) |
| ७. | क्यामेरा (Canon M6 Mark ii) | १ (एक) |
| ८. | क्यामेरा स्ट्याण्ड | १ (एक) |
| ९. | अडियो रेकडर (Samsung) | १ (एक) |
| १०. | कम्प्युटर | ४ (चार) सेट |
| ११. | प्रीन्टर (Brother) | २ (दुई) |
| १२. | फोल्डीङ्ग कुर्ची | २० (बीस) |
| १३. | रिभलबिङ्ग कुर्ची | २ (दुई) |
| १४. | मेस चियर (बैठक कुर्ची) | ३१ (एकतिस) |
| १५. | टी टेबल | ९ (नौं) |
| १६. | अफीस टेबल | २ (दुई) |
| १७. | सोफा | ५ (पाँच) सेट |
| १८. | प्लास्टिक कुर्ची | १० (दश) |
| १९. | स्यामसुङ टेलिभिजन | १ (एक) |
| २०. | भिडियोकन टेलिभिजन | १ (एक) |
| २१. | भिडियो कन्फरेन्श (अडियो भिडियो) सिस्टम | १ (एक) सेट |
| २२. | भित्ते घडी | २ (दुई) |
| २३. | एयर कंडीशनर (A/C) | १ (एक) |
| २४. | पोडियम | १ (एक) |

| | | |
|---|---|---|
| २५. | Bluetooth Speaker | १ (एक) |
| २६. | प्रोजेक्टर | २ (दुई) |
| २७. | प्रोजेक्टर स्क्रीन | २ (दुई) |
| २८. | चार्जिङ डिभाइस | २ (दुई) |
| २९. | इलेक्ट्रीक वाटर डिस्पेन्सर | १ (एक) |
| ३०. | भ्याकुम किलीनर | १ (एक) |
| ३१. | जुत्ता सफा गर्ने (Shoe Cleaner) | १ (एक) |
| ३२. | Blood Pressure monitor | १ (एक) |
| ३३. | Sanitizer Dispenser | १ (एक) |
| ३४. | Weight Machine | १ (एक) |
| ३५. | सुचना पाटी | ३ (तीन) |
| ३६. | इलेक्ट्रीक हिटर | २ (दुई) |
| ३७. | टेलिफोन सेट | २ (दुई) |
| ३८. | इन्टरनेट राउटर | ३ (तीन) |
| ३९. | सि.सि.टि.भी क्यामेरा | ८ (आठ) |

**२०. २०७९ साल साउन १ गतेदेखि माघ ५ गतेसम्म देहायबमोजिमको आम्दानी खर्च भएको छ। :**

**२०.१ आम्दानी**

आ.व २०७९/८० अवधिको २०७९ साल साउन १ गतेदेखि माघ ५ गतेसम्म आम्दानी शीर्षक अन्तर्गत विगत वर्षको शुल्क रु.३२,०००।-, सदस्यता शुल्क रु.६७,२००।-, पुस्तकालय शुल्क रु.४,९००।-, कानून व्यवसायी कल्याणकारी कोष रु.८३,३००।-। भवन निर्माण कोष रु.९,८००।-, परिचयपत्र रु.१२,८००।-, इन्टरनेट शुल्क रु.१४,७००।-, सिफारिस दस्तुर रु.२५,८००।- दैवी प्रकोप कोष रु.९,८००।- विशेष सहयोग शुल्क रु.१,५०,४००।-। भैपरी शुल्क रु.९,८००।-, प्रवेश शुल्क रु.४,८०,०००।- मर्मत सम्भार रु.१४,७००।-, डायरी तथा क्यालेण्डर रु. ५८,०५०।- अनुभव अनुभूति रु.४,८००।- सअबार जर्नल रु.३६,४००।-,निर्वाचन आम्दानी रु.६,९९,९००।- साधारणसभा शुल्क रु.४९,०००।- सवारी साधन स्टीकर रु.६,०००।- फैसला अध्यायन प्रतिवेदन रु.३,२०० प्रकाशन आम्दानी रु.१९,६००।- बिलम्व शुल्क रु.८००।-, प्रकाशन सहयोग रु.२,२८,०००।- र बनभोज बचत आम्दानी रु.१,०३,०१२।- गरी जम्मा

रु.२१,२३,९६२।- ( एकाइस लाख तेइस हजार नौं सय बैसठ्ठी रुपैंया) आम्दानी भएको छ । यो आम्दानी आगामी वर्ष हुने साधारणसभाको लेखापरिक्षण प्रतिवेदनमा देखिनेछ ।

**२०.२ खर्च**

त्यसैगरी सोही अवधिमा कर्मचारीको तलब भत्ता रु.९,९०,४८७- पोषाक भत्ता रु.३२,०००।-, मसलन्द फोटोकपि रु.१४,८८०।-, टेलिफोन महशुल रु.८,६००।- पत्रपत्रिका रु.९,२९५ ।- पिउने पानी रु.९,५४७-, इन्टरनेट रु.९३,७९०।- शुभकामना आदान प्रदान, बधाई ज्ञापन तथा लेक्चर सिरिज रु.८१,४२०।- परिचयपत्र छपाई रु.२८,०६९।- तस्विर रु.१४,०००।- विशेषाङ्क छपाई रु.३,८८,१२१।- नेबाए सदस्यता शुल्क रु.१,०१,३५०।- यातायात रु.८००।- समिति कार्यक्रम रु.५,००५।- लेखा परिक्षण शुल्क रु.१५,०००।- समवेदना रु.५,२२०।- पुरस्कार रु.१,६८,१११।- र निर्वाचन खर्च रु.१,८७,९७७- गरी जम्मा रु.२१,५३,६७२।- (एकाइस लाख त्रिपन्न हजार छ सय बहत्तर रुपैंया) खर्च भएको छ । यो खर्च आगामी वर्ष हुने साधारणसभाको लेखापरिक्षण प्रतिवेदनमा देखिनेछ ।

यस बारका सदस्यहरुको हकहितका लागि स्थापना गरिएको कानून व्यवसायी कल्याणकारी कोषको रकमलाई वृद्धि गर्ने उद्देश्यले राष्ट्रिय बाणिज्य बैंक पुतलीसडक शाखामा मुद्दती हिसाबमा राखिएको छ ।

## अन्त्यमा

यस कार्यसमितिले कार्यभार सम्हाल्दा विभिन्न शिर्षक अन्तर्गत रहेका बैंक मौज्दात रकम जम्मा **रु.९७,४७,५४०।६७** (सन्तानब्बे लाख सातचालिस हजार पाँच सय चालीस रुपैंया सतसठ्ठी पैसा) बुझिलिएकोमा रु.**१,१३,७१,२७६।२३** (एक करोड तेह्र लाख एकहत्तर हजार दुई सय छयात्तर रुपैंया तेइस पैसा) बुझाउदछौं ।

**२०७९ साल पुस मसान्तसम्म विभिन्न बैंकमा रहेको बैंक मौज्दात रकम यस प्रकार रहेको छ ।**

**क) अक्षय कोष मुद्दती हिसाब खाता :**

| क.स | शीर्षक | रकम |
|---|---|---|
| १. | सर्वोच्च अदालत बार एशोसिएशन पुरस्कार कोष | ३,५०,५०१.०० |
| २. | कुसुम श्रेष्ठ स्मृति कोष | १,००,०००.०० |
| ३. | विश्वनाथ उपाध्याय अक्षय पुरस्कार कोष | ५,००,०००.०० |
| ४. | विनोद रोक्का न्याय प्रतिक अक्षय पुरस्कार कोष | ५,००,०००.०० |
| ५. | कुञ्ज विहारी प्रसाद सिंह सम्मान अक्षय पुरस्कार कोष | ५,००,०००.०० |
| | **जम्मा रकम रु.** | **१९,५०,५०१.००** |

## ख) सर्वोच्च अदालत बार एशोसिएशन मुद्दती खाता :

| क्र.स | शीर्षक | रकम |
|---|---|---|
| १. | भवन निर्माण कोष | १२,००,०००.०० |
| २. | कानून व्यवसायी कल्याणकारी कोष | १५,००,०००.०० |
| | **जम्मा रकम रु.** | २७,००,०००.०० |

## ग) उपदान कोष मुद्दती खाता :

| क्र.स | शीर्षक | रकम |
|---|---|---|
| १ | कर्मचारी अवकास उपदान कोष | ३०,००,०००.०० |
| | **जम्मा रकम रु.** | ३०,००,०००.०० |

## घ) रकम चलाउन नसकिने खाताहरु :-

| क्र.स | बैंकको नाम | रकम |
|---|---|---|
| १ | राष्ट्रिय बाणिज्य बैक लि. (कानून व्यवसायी कल्याणकारी कोष) | २,५९,७२४.९६ |
| २ | बैक अफ काठमाण्डू लि. (हाल ग्लोबल आईएमई बैंक) सर्वोच्च अदालत बार एशोसिएशन पुरस्कार कोष | ९४,५८७.२५ |
| ३ | राष्ट्रिय बाणिज्य बैक लि. दैवी प्रकोप कोष | २,०१,४२४.९२ |
| ४ | राष्ट्रिय बाणिज्य बैक लि. भवन निर्माण कोष | ४,७६,२८१.५८ |
| ५ | कृषि विकास बैंक लि. पुस्तकालय कोष | ६३,६१८.०० |
| ६ | कृषि विकास बैंक लि. भैपरी कोष | १,०१,९४५.०० |
| ७ | बैक अफ काठमाण्डू लि. (हाल ग्लोबल आईएमई बैंक) पुरस्कार व्यवस्थापन कोष | १,४०,८४६.६९ |
| ८ | कृषि विकास बैंक लि. कर्मचारी सेवा सुविधा कोष | ९९,५७१.४१ |
| | **जम्मा रकम रु.** | **१४,३७,९९९.८१** |

## ङ) रकम चलाउन सकिने खाताहरु

| क्र.स | बैंकको नाम | रकम |
|---|---|---|
| १. | राष्ट्रिय बाणिज्य बैक लि. चल्ती हिसाव सर्वोच्च अदालत बार एशोसिएशन प्रकाशन | २९,९६१.४५ |
| २ | बैंक अफ काठमाण्डू लि. (हाल ग्लोबल आईएमई बैंक) बचत हिसाब | २२,३६,५२०.२६ |
| ३ | कृषि विकास बैंक लि. चल्ती हिसाब | १६,२९३.७१ |
| | **जम्मा** | २२,८२,७७५.४२ |

सर्वोच्च अदालत बार एशोसिएशन
काठमाण्डौं
Supreme Court Bar Association

यस आर्थिक प्रतिवेदनमा रहेका आम्दानी- खर्चका विवरण एवम् सोसंग सम्बन्धित बिल, भौचर खुला पारदर्शी रहेको व्यहोरा सदस्यज्यूहरु समक्ष राख्न चाहन्छु ।

सर्वोच्च अदालत बार एशोसिएशनको कोषाध्यक्षको तर्फबाट प्रस्तुत आ.व. २०७८/०७९ को आर्थिक प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन कुनै राय सुझाव तथा प्रतिक्रिया भए सो समेत व्यक्त गरी यस गरिमामय सभाबाट अनुमोदन गरी दिनुहुन अनुरोध गर्दै आजको यस गरिमामय सभाबाट विदा हुन्छु ।

धन्यवाद ।।।

सर्वोच्च अदालत बार एशोसिएशन काठमाण्डौ Supreme Court Bar Association

विनोदकुमार कार्की
कोषाध्यक्ष
सर्वोच्च अदालत बार एशोसिएशन

मितिः २०७९/१०/०७